# करार उत्पादन (Contract Manufacturing) सम्वन्धी हालको कानूनी व्यवस्थामा परिमार्जन सम्वन्धी नीति प्रस्ताव

USAID
अमेरिकी जनताबाट

NEPAL-INDIA
NICCI
CHAMBER OF COMMERCE & INDUSTRY

*Prepared by:*
USAID Trade and Competitiveness

*Technical inputs:*
South Asia Watch on Trade, Economics and Environment (SAWTEE)

March 2024

*Disclaimer: This policy note is made possible by the support of the American People through the United States Agency for International Development (USAID). The contents of this policy notes are the sole responsibility of Deloitte Consulting LLP and do not necessarily reflect the views of USAID or the United States Government. The output of the report is based on consultations and policy dialogues among private sector representatives, government entities and other related stakeholders.*

# करार उत्पादन सम्वन्धी हालको कानूनी व्यवस्थामा परिमार्जन सम्वन्धी नीति प्रस्ताव

## १. पृष्ठभूमि:

विश्वव्यापीकरणसंगै विस्तारित व्यावसायिकता र विशिष्टिकरणको अवधारणाले उद्योग तथा सेवा क्षेत्र विस्तारित हुदैं गएको छ। विशिष्ट वस्तुको उत्पादनमा विशिष्ट इकाइहरुको संलग्नता र आवद्धता विकास गर्न उत्पादन प्रणालीका उप इकाइहरु स्थापना र परिचालन गर्ने प्रयासले व्यापकता पाएको छ। कार्य चाप, वढ्दो मागको व्यवस्थापन, इकाइ लागत तथा विशिष्टताको आधारमा वस्तु वा सेवाको मूल उत्पादन र सहायक उत्पादन तेस्रो इकाइवाट गर्ने अभ्यास वढ्दै गएको छ। उत्पादन प्रक्रियाको पूर्णताको लागि आवश्यक सवै वस्तुको उत्पादन गर्न कुनै पनि उत्पादन इकाइ सक्षम नहुने हुदाँ करार उत्पादनको अवधारणा विकसित भएको छ। वजारको माग अनुरुप वस्तुको परिमाणका लागि एकै उत्पादकको उत्पादन संभाव्य र पर्याप्त नरहने परिस्थिति सृजना भएको छ।

विश्वका प्रख्यात व्राण्डको नाममा उत्पादन हुने एप्पल कम्पनीका मोवाइल फोन सेट वा टेस्ला मोटर कम्पनीले उत्पादन गर्ने सवारी साधनमा प्रयोग हुने सवै सामाग्रीको उत्पादन सम्वन्धित कम्पनीवाट हुदैंनन्। उत्पादन प्रक्रियामा प्रयोग हुने सवै वस्तु एकै उत्पादकवाट मात्र उत्पादन हुदाँ उद्यमशिलता विकासको संभावना अत्यन्त न्यून हुनुको साथै गुणस्तरीय वस्तुको आपूर्ति छोटो समयमा एकै उत्पादकवाट सम्भव हुदैंन्। त्यसैले, ठूला उत्पादक कम्पनीले आफ्नो उत्पादनमा प्रयोग हुने सहायक वा मूल उत्पादन अन्य कम्पनी मार्फत उत्पादन गर्ने गरेको पाइन्छ।

## २. परिचय

औद्योगिकीकरणको विस्तारसंगै औद्योगिकीकरणको प्रक्रियालाइ सुदृढ एवम् विस्तारित वनाउन मूल उत्पादन कम्पनीले आफ्नो उत्पादन प्रक्रियासंग सम्वन्धित मूल वा सहायक वस्तु तेस्रो पक्ष वा उत्पादकवाट उत्पादन गरी औद्योगिक उत्पादनको प्रक्रियालाइ पूर्णता दिन अवलम्वन गर्ने उत्पादन प्रणाली नै करार उत्पादन हो। करार वा उप करार वमोजिम उत्पादन गर्ने व्यवस्थावाट मूल उत्पादकको उत्पादन र आपूर्ति श्रृङ्खलालाइ निरन्तरता दिन सहयोग पुग्नुका अतिरिक्त तेस्रो उत्पादकलाइ आफ्नो उत्पादनको वजार सुनिश्चितता कायम गर्न सहयोग पुग्छ। उद्यमशिलता र वजार विस्तारित गर्ने माध्यमको रुपमा विश्वव्यापी रुपमा प्रयोगमा आएको प्रस्तुत अवधारणालाइ उत्पादन इकोसिस्टमको अभिन्न अङ्गको रुपमा स्वीकार गरिन्छ।

ठूला उद्योग स्थापनावाट औद्योगिकरणमा पर्ने विस्तारित प्रभाव (Spill Over) को रुपमा स्वीकार गरिने प्रस्तुत अवधारणाले साना, मझौला तथा घरेलु लगायतका सहयोग सामाग्री उत्पादन गर्ने उद्यमको विकासमा सहयोग पुग्ने देखिन्छ। मूल उत्पादकले निर्धारण गरेको गुणस्तर, मानक, आकार तथा डिजाइनमा उत्पादन हुने यस प्रकारका उत्पादनको गुणस्तरको आश्वस्तता मूल उत्पादकले नै गर्ने हुदाँ तेस्रो पक्षले उत्पादन गर्ने उत्पादनमा गुणस्तरको चिन्ता नहुने र पहिलो उत्पादकले आफ्नो वजारलाइ नियमित वनाउन सहयोग पुग्ने अवस्था रहन्छ। विशेषतः वहुराष्ट्रिय कम्पनीले आफ्नो उत्पादन प्रक्रियामा यस प्रकारको अवधारणालाइ प्रयोगमा ल्याएको पाइन्छ। नेपालमा स्थापना भएका ठूला एवम् वहुराष्ट्रिय कम्पनीले यस प्रकारको अभ्यास गरेको भएता पनि नीतिगत अस्पष्टता र निरन्तरताको अभावका कारण प्रस्तुत अवधारणाले व्यापकता पाउन सकेको छैन्।

## ३. करार उत्पादनको औचित्य:

उत्पादन प्रक्रिया र प्रणाली अन्तरनिर्भर प्रणालीको रुपमा रुपान्तरण हुदैं गएको छ। गुणस्तर, परिमाण, विशिष्टिकृत उत्पादन प्रक्रिया एवम् समय सीमाको पावन्दीमा कुनै एक उत्पादकले आफ्नो मूल उत्पादन र उत्पादन सम्वद्ध सवै सहायक उत्पादन आँफैले मात्र उत्पादन गर्नु व्यवहारिक र व्यावसायिक हुदैंन्। उत्पादनको वजार, संभावित ग्राहक एवम् उत्पादन प्रक्रिया तथा समयको आधारमा सवै उत्पादन एकै उत्पादकवाट छोटो समयमा उत्पादन हुन सक्ने देखिदैंन्। ठूला उत्पादकले आफ्नो उत्पादन प्रक्रियामा सहयोगी उत्पादकको संलग्नता स्वीकार गर्दै उत्पादन परिमाण, गुणस्तर तथा वजार सुनिश्चितता प्रदान गर्न महत्वपूर्ण माध्यमको रुपमा विकसित प्रस्तुत अवधारणा देहायको कारणले औचित्यपूर्ण मानिन्छ।

- उत्पादन प्रक्रिया र प्रणालीलाइ संख्यात्मक र गुणात्मक रुपमा विस्तार गर्न,
- उद्यमशिलताको संस्कार विस्तार गर्न,
- समय र लागत न्यूनीकरण गर्न,
- सुदृढ उत्पादन इकोसिस्टम विकास गर्न,
- उत्पादनको लागत न्यूनीकरण गर्न,
- उत्पादन प्रक्रियामा रहने जोखिम न्यूनीकरण र व्यवस्थापन गर्न,
- छोटो समयमा वजारको माग अनुरुप आपूर्ति सुनिश्चित गर्न,
- उत्पादनको प्राविधिक पक्षमा सुधार गर्न,
- स्रोत र साधनको वचत सहित उच्चतम परिचालन गर्न,
- प्रतिष्पर्धात्मक क्षमता विकास गर्न।

करार वा उप करार उत्पादन उत्पादन प्रक्रियाको विविधिकरण सहित गुणस्तर सुनिश्चित गर्ने माध्यम हो। विस्तारित वजार, आधुनिक र शिघ्र उत्पादन प्रक्रिया, उत्पादन परिमाण समेतको पृष्ठभूमिमा ठूला प्रकृतिका उद्योग र विभिन्न सहायक उत्पादनको प्रयोग हुने उत्पादन प्रणालीमा करार उत्पादन सम्वन्धी व्यवस्थाको अभ्यास अनिवार्य देखिन्छ।

## ४. करार उत्पादन सम्वन्धी अन्तर्राष्ट्रिय अभ्यास र प्रचलन:

करार उत्पादन (Contract Manufacturing) को अभ्यास युरोप र अमेरिकावाट प्रारम्भ भएको पाइन्छ। औद्योगिकरण र विश्वव्यापीकरणको प्रभावसंगै करार उत्पादनको अवधारणा विस्तारित हुदैं गएको छ। नवोदित अर्थतन्त्र भएका देशमा करार उत्पादनको माध्यमवाट उद्योगधन्दाको विकास भएको देखिन्छ। छिमेकी मुलुक भारत र चीन लगायत मित्रराष्ट्र वङ्गलादेशमा करार उत्पादनको अवधारणा र प्रयोग विस्तारित हुदैं गएको छ।

विश्वका अधिकाँश देशमा करार उत्पादन सम्वन्धी व्यवस्था गरिएको छ। व्यावसायिकता, अन्तर निर्भर उत्पादन प्रणाली, प्रतिष्पर्धा एवम् वजार संवेदनशिलता लगायतका कारणले उत्पादकले शिघ्र उत्पादन गर्ने विधी प्रयोग अवलम्वन गरेको देखिन्छ। करार उत्पादनको विधि विश्लेषण गर्दा अधिकाँश देशमा सहायक तथा मूल उत्पादन करार वा उपकरार सम्झौता गरी उत्पादन गर्न सकिने प्रावधान रहेको छ। अर्थतन्त्रको स्वरुप र आकार, औद्योगिकरणको विस्तार र क्षेत्रगत विशेषज्ञतायुक्त उत्पादन प्रणालीका कारण

चीन र भारत लगायतका देशमा करार उत्पदनको अर्थतन्त्र विस्तारित हुदैं गएको पाइन्छ। मित्रराष्ट्र भारतमा करार तथा उप करार उत्पादनको माध्यमवाट हुने कारोवार सन् २०२३ मा करिव १९.६३ विलियन अमेरिकी डलरको रहेकोमा आगामी सन् २०२८ सम्ममा यो कारोवार ३८.९२ विलियन अमेरिकी डलर पुग्ने अनुमान गरिएको छ। [1] भारतको करार कानून, १८७२ ले करार उत्पादन सम्वन्धी व्यवस्थालाइ कानूनी आधार प्रदान गरी साझा उद्देश्य भएका दुइ फरक उद्योगले सम्झौता गरी मूल एवम् सहायक उत्पादन गर्न सक्ने व्यवस्था गरेको छ। भारतको अर्थतन्त्रमा विस्तारित अन्तर्राष्ट्रिय कम्पनीको कारोवार तथा स्थापित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कम्पनीले आफ्नो उत्पादनको ठूलो अँश करार उत्पादनको माध्यमवाट व्यवस्थापन गरिरहेका छन्।

विश्वको अधिकाँश प्रमुख व्राण्डको उत्पादनको लागि चीन प्रमुख उत्पादक देशको रुपमा स्थापित भएको छ। चीन करार उत्पादनको दृष्टिले अन्तर्राष्ट्रिय रुपमा परिचित छ। विश्वका अधिकाँश वहुराष्ट्रिय कम्पनीले चीनमा आफ्नो उत्पादन प्लाण्ट स्थापना गर्नुको प्रमुख कारण चीनमा विस्तारित भएको करार उत्पादनको सफल अभ्यासलाइ लिने गरिन्छ। सन् २०१९ मा विश्वको कुल औद्योगिक उत्पादनको करिव २८.७ [2]प्रतिशत उत्पादन चीनमा उत्पादन भएको देखिन्छ। चीनमा करार उत्पादन सम्वन्धी विभिन्न विधि (उत्पादनका लागि आवश्यक विशिष्ट वस्तुको उत्पादन जस्तै सवारी साधनको पार्ट पूर्जा, जडानजन्य सहायक उत्पादन जस्तै कम्प्युटर उपकरण र सम्पूर्ण उत्पादन जस्तै तयारी पोशाक) को पूर्ण प्रयोग गरिएको पाइन्छ। औद्योगिकरणको दृष्टिले उदयीमान देशको रुपमा रहेको भियतनाम, वङ्गलादेश लगायतका देशमा करार उत्पादनको मान्यता र विधी उत्कृष्ट रुपमा प्रयोगमा रहेको छ।

## ५. नेपालमा करार उत्पादन (Contract Manufacturing) सम्वन्धी व्यवस्था:

उदारीकरण पश्चात नेपालमा स्थापना भएका ठूला प्रकृतिका उद्यम तथा भित्रिएका वहुराष्ट्रिय कम्पनीले नेपालको औद्योगिकरणको प्रक्रियामा नयाँ आयाम थपेका छन्। उत्पादन प्रणाली, प्रविधि एवम् विधिमा आधुनिक मान्यता र प्रयोगका कारण अन्तर्राष्ट्रियस्तरमा विकसित मान्यतालाइ नेपालमा प्रयोग गर्न ती उद्योगले महत्वपूर्ण योगदान पुऱ्याइरहेका छन्। नेपालको आन्तरिक वजार र वाह्य वजारलाइ लक्ष्यित गरी स्थापना गरिएका उद्योगले आफ्नो स्थापित व्राण्ड विस्तार संगै सृजना भएको मागलाइ छोटो समयमा पूर्ति गर्न करार उत्पादनको विधि अवलम्वन गर्ने अभ्यास गरेको पाइन्छ।

नेपालमा करार उत्पादन (Contract Manufacturing) को प्रयोगलाइ तत्कालीन औद्योगिक व्यवसाय ऐन, २०७३ मार्फत कानूनी आधार प्रदान गरिएको थियो। उक्त ऐनको दफा ४६ मा करार उत्पादन सम्वन्धमा देहायको व्यवस्था गरिएको थियो।

**(१) प्रचलित कानून वमोजिम दर्ता भएको कुनै उद्योग वा कम्पनी वा फर्म वा प्रतिष्ठानले आपसमा करार (Contract) वा उप करार (Sub Contract) गरी वस्तु वा सेवाको उत्पादन गर्न सक्नेछन्।**

**(२) उपदफा–१) वमोजिम कुनै निर्यातमूलक उद्योग वा निर्यात प्रवर्द्धन गृहका लागि तोकिए वमोजिमको मापदण्ड पुरा गरी करार वा उप करारका आधारमा निश्चित परिमाणमा वस्तु वा सेवाको उत्पादन गरी दिएमा त्यस्तो उद्योग वा कम्पनी वा फर्म वा प्रतिष्ठानलाइ तोकिए वमोजिमको छुट, सुविधा र सहुलियत उपलव्ध गराउन सकिनेछ।**

---

[1] www.roedl.com, Contract Manufacturing in India- regulatory aspects, December 8, 2023

[2] www.gembah.com/blog/ consideration of contract manufacturing in China

औद्योगिक व्यवसाय ऐन, २०७३ मा गरिएको उपर्युक्त अनुरुप नेपालका स्वदेशी तथा विदेशी लगानीका उद्योग एवम् वहुराष्ट्रिय कम्पनीले नेपालमा स्थापना भएका अन्य उद्यमसंग करार वा उप करार सम्झौता गरी वस्तु वा सेवाको आपूर्ति गरेको देखिन्छ । नेपालमा स्थापित वहुराष्ट्रिय कम्पनीले करार उत्पादनको माध्यमवाट आफ्नो उत्पादन नेपालका अतिरिक्त वाह्य वजारमा पनि निकासी गर्ने गरेको देखिन्छ । उक्त ऐनमा भएको कानूनी प्रावधान वमोजिम कुनै उद्योगले आफ्नो उत्पादनको सहायक उत्पादन मात्र नभइ प्रमुख उत्पादन नै अन्य उत्पादकवाट उत्पादन गर्ने गरी सम्झौता गर्न सक्ने गरी करार उत्पादनको परिष्कृत व्यवस्थाको उच्चतम उपयोग गर्ने सुविधा नेपालमा स्थापित सवै उद्योगलाइ प्रदान गरेको देखिन्छ ।

तर, औद्योगिक व्यवसाय ऐन, २०७३ लाइ संशोधन गरी जारी भएको हालको औद्योगिक व्यवसाय ऐन, २०७६ मा गरिएको करार उत्पादन सम्वन्धी प्रावधानले करार वा उप करार उत्पादन सम्वन्धी व्यवस्थालाइ संकूचित वनाएको छ । उक्त ऐनको दफा ५० तथा औद्योगिक व्यवसाय नियमावली, २०७७ र व्यवस्था विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०७५ एवम् विदेशी लगानी तथा प्रविधि हस्तान्तरण नियमावली, २०७७ ले नेपालमा दर्ता भइ सञ्चालनमा रहेका उद्योगको सहायक उत्पादनका लागि मात्र अनुमति प्रदान गर्ने गरी देहायको व्यवस्था गरेको छ ।

**क. <u>औद्योगिक व्यवसाय ऐन, २०७६ को दफा ५०</u>**

**<u>करार गरी उत्पादन गर्न सक्ने</u>: (१) प्रचलित कानून वमोजिम दर्ता भइ सञ्चालनमा रहेका कुनै उद्योगले त्यस्तो उद्योगको उत्पादनको मूख्य उत्पादन वाहेक आफ्नो उत्पादनको कुनै भाग वा उद्योगलाइ आवश्यक पर्ने सहायक वस्तु वा सेवा अन्य उद्योगसंग करार–कन्ट्रयाक्ट) वा उपकरार–सव कन्ट्रयाक्ट) गरी उत्पादन गर्न सक्नेछ ।**

**(२). कुनै निर्यातमूलक उद्योगको लागि तोकिए वमोजिमको मापदण्ड पुरा गरी उपदफा–१) वमोजिम करार–कन्ट्रयाक्ट) वा उपकरार–सव कन्ट्रयाक्ट) का आधारमा निश्चित परिमाणमा वस्तु वा सेवाको उत्पादन गरिदिएमा त्यस्तो उद्योगलाइ पनि तोकिए वमोजिमको प्रोत्साहन, छुट, सुविधा र सहुलियत उपलव्ध गराउन सकिनेछ ।**

**(३) करार–कन्ट्रयाक्ट) वा उप करार–सव कन्ट्रयाक्ट) गरी उत्पादन गर्न सकिने सम्वन्धी अन्य व्यवस्था तोकिए वमोजिम हुनेछ ।**

**औद्योगिक व्यवसाय नियमावली, २०७७ को परिच्छेद ७ नियम ४०**

**<u>करार गरी उत्पादन गर्न सक्ने</u>:** (१) कुनै उद्योगले अर्को कुनै निर्यातमूलक उद्योगको लागि ऐनको दफा ५० को उपदफा–१) वमोजिम वस्तु वा सेवाको उत्पादन गर्दा देहायको मापदण्ड पुरा गरेको हुनुपर्नेछः *

- करारमा वस्तु उत्पादन–कन्ट्रयाक्ट म्यानुफ्याक्चरिङ्ग) गर्ने उद्योग प्रचलित कानून वमोजिम दर्ता भएको हुनुपर्ने,
- करारमा कुनै वस्तु वा सेवा उत्पादन गर्ने उद्योगले सो वस्तु वा सेवा उत्पादन गर्ने उद्योग दर्ता गर्ने निकायवाट प्रचलित कानून वमोजिम स्वीकृति प्राप्त गरेको हुनुपर्ने,
- करारमा वस्तु वा सेवा उत्पादन गराउने उद्योगको उत्पादन हुने वस्तु वा सेवाको ट्रेडमार्क दर्ता भएको वा हक कायम भएको हुनुपर्ने, र

- उत्पादनकर्ता उद्योगले आफ्नो स्वीकृत क्षमताको सीमाभित्र रहेर मात्र वस्तु वा सेवा उत्पादन गरेको हुनुपर्ने ।

(२) उप नियम–१) वमोजिमको मापदण्ड पुरा गरेको निर्यातमूलक उद्योगले निर्यात गरेको वस्तुको परिमाणको आधारमा देहाय वमोजिमको छुट, सुविधा वा सहुलियत पाउन सक्नेछः *

- निर्यातमा नगद प्रोत्साहन,
- सहुलियत दरमा निर्यात कर्जा,
- महसूल फिर्ता सुविधा (ड्युटी ड्र व्याक)
- ऋण लगानीमा प्रथमिकता,
- नेपाल सरकारले समय समयमा तोके वमोजिम कर, महसुल, शुल्क तथा कच्चा पदार्थ आयातमा सहुलियत ।

**ख. <u>विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०७५ को दफा ४५</u>**

**<u>करार गरी उत्पादन गर्न सकिने:</u> (१) विदेशी लगानी भएका कुनै उद्योगले त्यस्तो उद्योगको उत्पादनको मुख्य उत्पादन वाहेक आफ्नो उत्पादनको कुनै भाग वा उद्योगलाइ आवश्यक पर्ने सहायक वस्तु वा सेवा अन्य उद्योगसंग करार गरी उत्पादन गर्न सक्नेछ ।**

**(२) करार गरी उत्पादन गर्न सकिने सम्वन्धी अन्य व्यवस्था तोकिए वमोजिम हुनेछ ।**

**विदेशी लगानी तथा प्रविधि हस्तान्तरण नियमावली, २०७७ को नियम २१**

**<u>करार गरी उत्पादन गर्न सकिने:</u>** विदेशी लगानी भएको उद्योगले कुनै उत्पादनको सम्वन्धमा ऐनको दफा ४५ को प्रयोजनका लागि करार गर्दा प्रचलित कानून वमोजिम दर्ता भएका उद्योगसंग मात्र गर्नुपर्नेछ ।

स्थापित वजारमा ग्राहकको माग अनुरुपको वस्तु वा सेवा नियमित रुपमा प्रदान गर्न र साना उद्योग ठूला उद्योगको रुपमा स्तरोन्नती हुन सहयोग गर्ने प्रस्तुत अवधारणालाइ विस्तार गरी राष्ट्रिय अर्थतन्त्रमा उद्योग क्षेत्रको योगदान वढाउन प्रोत्साहन गर्नुपर्ने परिस्थितिमा हालको औद्योगिक व्यवसाय ऐन, २०७६ र विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०७५ मा रहेको करार गरी उत्पादन गर्न सकिने प्रावधानमा परिमार्जन गरी उद्योगको उत्पादन प्रक्रियाका लागि आवश्यक पर्ने सहायक कच्चा पदार्थका अतिरिक्त मूल उत्पादन पनि करार उत्पादनको माध्यमवाट उत्पादन गर्न सकिने व्यवस्था समावेश गर्नु वाञ्छनिय भएको छ ।

## ६. नेपालमा करार उत्पादन (Contract Manufacturing) प्रवर्द्धनको आवश्यकता:

नेपालको कूल ग्राहस्थ उत्पादनमा न्यून योगदान रहेको उद्योग क्षेत्रलाइ प्रवर्द्धन गरी आर्थिक वृद्धिदरलाइ उच्च र दिगो वनाउन उद्योगको स्थापना, सञ्चालन र विस्तारमा नीतिगत सहजीकरण गर्नु पर्दछ । स्वदेशी उपभोग अभिवृद्धिका अतिरिक्त निकासीयोग्य वस्तुको उत्पादनमा तीव्रता दिइ व्यापार घाटा कम गर्न पनि उद्योगको प्रवर्द्धन र विकासको लागि सहज वातावरण निर्माण गर्नु अनिवार्य देखिन्छ । स्वदेशी लगानीमा स्थापना भएका उद्योगका अतिरिक्त विदेशी लगानीमा स्थापना भएका विश्वका प्रतिष्ठित कम्पनीलाइ नेपालमा आकर्षित गर्न र अन्तर्राष्ट्रिय वजारमा स्थापित भएका व्राण्ड उत्पादन गर्ने उत्पादकलाइ नेपालमा लगानी गर्न

अनुकूल वातावरण तयार ती उद्योगलाइ प्रदान गरिने अन्य सुविधाका अतिरिक्त करार उत्पादन सम्वन्धी व्यवस्थालाइ सरल र सहज वनाउनु उपयुक्त देखिन्छ ।

- नेपालमा स्थापना भएका वा हुने उद्योगको पृष्ठ अन्तर्सम्वन्ध विकास गर्न,
- स्टार्ट अप व्यवसायको प्रवर्द्धन गरी उद्यमशिलता अभिवृद्धि गर्न,
- आन्तरिक र वाह्य वजारमा नेपालमा उत्पादित सामाग्रीको पहुँच विस्तार गर्न,
- विदेशी लगानी आकर्षण गर्ने आधार तयार गर्न,
- स्रोत र साधनको परिचालन क्षमता वढाउन,
- ठूला र स*साना उद्योगको विचको उत्पादन अन्तर्सम्वन्ध विकास गर्न ।

## ७. करार उत्पादन सम्वन्धी हालको कानूनी व्यवस्थाले पारेको प्रभाव:

करार तथा उपकरार उत्पादन सम्वन्धी मौजुदा कानूनी व्यवस्थाले नेपालमा करार उत्पादनको दायरालाइ संकूचित वनाएको छ । करार उत्पादनको अन्तर्राष्ट्रिय मान्यता वमोजिम स्वीकार गरिएका विधिको प्रयोग नेपालमा सुनिश्चित गर्न हालको कानूनी व्यवस्था अपर्याप्त देखिन्छ। औद्योगिक व्यवसाय ऐन, २०७६ तथा विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०७५ मा रहेको हालको व्यवस्थाले उद्योगको मूल उत्पादन करार उत्पादनको माध्यमवाट उत्पादन गर्न सकिदैंन्। कुनै उद्योगले उत्पादन गर्ने मूल उत्पादनका लागि आवश्यक सहायक उत्पादनको हकमा मात्र करार उत्पादन गर्न सकिने प्रवन्धले ठूला प्रकृतिका उद्यम र नेपालमा स्थापना भएका वहुराष्ट्रिय कम्पनीले विगतमा तेस्रो पक्ष वा उत्पादकसंग करार सम्झौता गरी आफ्नो व्राण्ड र ट्रेडमार्कको वस्तु उत्पादन एवम् विक्री वितरण गर्ने व्यवस्था अवरुद्ध भएको छ ।

नेपालमा स्थापना भएका उद्योगले आफ्नो उत्पादन प्रक्रियालाइ विविधिकरण गर्दै उत्पादन क्षमता अभिवृद्धि गरेका छन्। उद्योगको स्थापना र सञ्चालन सम्वन्धी परम्परागत मान्यतामा आएको परिवर्तनसंगै वहुराष्ट्रिय कम्पनीले उत्पादनको नयाँ अवधारणा प्रयोगमा ल्याएका छन् । उद्यमशिलताको संस्कार विस्तारित गर्न उपयोगी यस प्रकारको अवधारणाको वृहत उपयोगवाट ठूला उद्योगका अतिरिक्त साना उद्योग पनि लाभान्वित हुने अवसरलाइ हालको कानूनी व्यवस्थाले सिमित वनाउनुका अतिरिक्त देहायका प्रतिकूलता सृजना भएको पाइन्छ ।

- ठूला र वहुराष्ट्रिय कम्पनीको उत्पादन संभावना र कारोवार न्यून भएको,
- राष्ट्रिय र अन्तर्राष्ट्रिय वजारमा सृजित अतिरिक्त माग आपूर्ति गर्ने सक्षमता घटेको,
- ठूला उद्योगमा हुने थप लगानी प्रभावित भएको,
- स्थापित ट्रेडमार्क वा व्राण्डको विस्तारमा संकूचन आएको,
- उद्योगको मूल उत्पादनमा सहयोग पुर्‍याउने उत्पादनका लागि सहयोगी उत्पादकको क्षमता र संभावनाको उपयोग कमजोर रहेको,
- उत्पादन प्रविधि हस्तान्तरणको संभावना न्यून भएको,
- नयाँ प्रकृतिका उद्यम एवम् स्टार्ट अप वा साना उद्योगको विकासको संभावना सिमित भएको,

- निकासीयोग्य वस्तुको उत्पादन परिमाणमा आएको न्यूनताका कारण निकासी आयमा कमि आएको।

करार उत्पादन सम्वन्धी नीतिगत व्यवस्थामा कायम रहेको अस्थिरता एवम् प्रतिकूलताले नेपालमा निजी लगानीको विस्तारमा चुनौती थपिएको छ। विदेशी लगानीमा स्थापना हुने उद्योगले लगानीको रुपमा विदेशी मुद्रा मात्र नभइ अन्तर्राष्ट्रियस्तरमा प्रचलनमा आएको असल अभ्यास समेत भित्र्याउने गर्दछन्। तर, हालको कानूनी व्यवस्थाले करार उत्पादनका नविनतम दृष्टिकोण र मान्यताको प्रयोगलाइ संकूचित वनाएको र विदेशका स्थापित व्राण्डले नेपालमा करार सम्झौताको माध्यमवाट उत्पादन गरी ती वस्तु निकासी गर्न सक्ने संभावना पनि सिमित हुने देखिएकोले आन्तरिक र वाह्य दुवै लगानी प्रवर्द्धन गर्न हालको कानूनी व्यवस्था परिमार्जन गर्नु जरुरी देखिन्छ।

## ८. करार उत्पादन प्रवर्द्धनका लागि हालको कानूनमा गर्नुपर्ने संशोधन/ सुधार:

करार उत्पादन सम्वन्धी मौजुदा व्यवस्थाले ठूला उद्योगको विस्तार र उत्पादन क्षमता अभिवृद्धि सहित विदेशी लगानीमा स्थापना हुने उद्योगको संभावित प्रवेशलाइ प्रभाव पार्ने भएकोले करार उत्पादन गरी मूल एवम् सहयोगी वस्तुको उत्पादन सहज एवम् संभाव्य वनाउन औद्योगिक व्यवसाय ऐन, २०७६ र विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०७५ मा तदनुकूल संशोधन, परिमार्जन आवश्यक देखिन्छ। करार उत्पादनका लागि वर्तमान ऐन जारी हुनु पूर्वका कानूनी व्यवस्थाको भावना र उद्देश्य अनुरुप हुने गरी ती ऐनमा संशोधन गर्दा सिमित क्षेत्र एवम् दायरा रहेको करार उत्पादन सम्वन्धी व्यवस्थाका कारण सृजित असहजता व्यवस्थापन हुने र निजी क्षेत्रले आफ्नो उत्पादनलाइ विस्तारित गर्न कानूनी आधार प्राप्त गर्ने भएकोले ती ऐनमा देहाय वमोजिम संशोधन गर्नु जरुरी देखिन्छ।

**क. औद्योगिक व्यवसाय ऐन, २०७६ को दफा ५० को उपदफा १ मा संशोधन**

दफा ५० को उपदफा–१) को सट्टा देहायको उपदफा–१) राखिएको छ:

***"(१) प्रचलित कानून वमोजिम दर्ता भइ सञ्चालित समान उद्देश्य भएका उद्योग, फर्म, कम्पनी वा प्रतिष्ठानले एक आपसमा करार–कन्ट्रयाक्ट) वा उप करार–सव कन्ट्रयाक्ट) गरी वस्तु वा सेवाको उत्पादन गर्न सक्नेछन्।"***

**ख. विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०७५ को दफा ४५ को उपदफा १ मा संशोधन**

दफा ४५ को उपदफा–१) को सट्टा देहायको उपदफा–१) राखिएको छ:

***"(१) पचास करोड रुपैयाँ वा सो भन्दा वढी विदेशी लगानी भएका उद्योगले एक आपसमा करार–कन्ट्रयाक्ट) वा उप करार–सव कन्ट्रयाक्ट) गरी वस्तु वा सेवाको उत्पादन गर्न सक्नेछन्।***

*तर, यस दफाको प्रयोजनका लागि हाल विदेशी लगानीमा सञ्चालित उद्योगको हकमा उपर्युक्त वमोजिमको लगानीको सीमा लागु हुने छैन्।"*

## ९. चुनौती:

करार वा उप करार उत्पादनलाइ सहजीकरण गर्न प्रस्ताव गरिएको उपर्युक्त संशोधनले सहायक उत्पादनमा मात्र करार उत्पादन गर्न सक्ने व्यवस्था परिमार्जन गरी सहायक उत्पादनका अतिरिक्त मूल उत्पादन नै करार सम्झौता गरी उत्पादन, निर्यात र विक्री वितरण गर्ने कानूनी आधार तयार हुन्छ । मूल वस्तु उत्पादन गर्ने सक्षमता सहित स्थापना भएका उद्योगको उत्पादन प्रणालीमा सुधार आउनुका साथै ती उद्योगको क्षमता विकास र सञ्चालनका लागि प्राविधिक दक्षता पनि विस्तारित हुने संभावना रहन्छ । उद्योगको संख्यात्मक र गुणात्मक विस्तारवाट उद्योग क्षेत्रको योगदान अर्थतन्त्रमा विस्तारित गर्न सहयोग पुग्दछ ।

करार वा उप करार उत्पादनलाइ प्रोत्साहन एवम् सहजीकरण गर्न प्रस्ताव गरिएको प्रस्तावित व्यवस्थाले औद्योगिकरणको प्रक्रियामा सहजतासंगै चुनौती पनि सृजना हुने देखिन्छ । विशेषत: ठूला उद्योगले आफ्नो मूल उत्पादन पनि करार गरी साना उद्योगवाट उत्पादन गर्ने व्यवस्थावाट ठूला उद्योग आफू उत्पादन प्रक्रियावाट टाढा हुने, श्रम सम्वन्ध वा अन्य कारण देखाएर मुल उत्पादन गृह वन्द गर्ने, उत्पादन वाहेक ट्रेड मार्क वा फ्रान्चाइज मात्र विक्री गरी लाभ लिने, उत्पादित वस्तुको गुणस्तर र उपभोक्ता अधिकारप्रति उदासिन रहने प्रवृत्ति हावी हुन सक्ने देखिन्छ । यसका अलावा अधिक उत्पादनको रणनीति अवलम्वन गरी स्वदेशका घरेलु तथा साना उद्योग विस्थापित हुने, सहयोगी उत्पादकले उत्पादन गर्ने वस्तुको मूल्य र उपभोक्ताले भुक्तानी गर्ने मूल्यमा ठूलो अन्तर आउने, उत्पादनको मूल्य अभिवृद्धि कम हुने र निकासी गर्ने उद्योगले निकासी गरी प्राप्त गरेको मूल्य उत्पादकलाइ न्यायिक रुपमा हस्तान्तरण नहुने चुनौती कायम रहन्छ । विदेशी लगानीमा स्थापना हुने उद्योगलाइ लगानीको सीमा नराखी यस प्रकारको सुविधा प्रदान गर्दा उत्पादन विना व्राण्ड वा फ्रान्चाइजको मात्र मूल्य Repartation हुने जोखिम पनि रहने हुन्छ ।

उपर्युक्त चुनौतीको वावजुद पनि करार उत्पादन सम्वन्धी मौजुदा व्यवस्थाको परिमार्जनको विकल्प देखिदैंन् । तसर्थ, पहिचान गरिएका उपर्युक्त संभाव्य चुनौती व्यवस्थापन गर्न सवल नियमन प्रणाली संगठनात्मक पूर्व क्रियाशीलता एवम् व्यावसायिक इमान्दारिता जरुरी देखिन्छ ।

## १०.अपेक्षित उपलव्धी

करार उत्पादनका लागि सहजीकरण गरी उद्योगको प्रवर्द्धन एवम् विकास लागि प्रस्ताव गरिएको ऐन संशोधनको उपर्युक्त व्यवस्था ठूला उद्योगको उत्पादन प्रविधि र प्रणाली व्यवस्थित र विस्तारित गर्न सहयोग पुऱ्याउने उद्देश्यवाट परिमार्जन प्रस्ताव गरिएको छ । नीतिगत अस्थिरतासंगै विगतमा ठूला उद्योगलाइ प्रदान गरिएको करार वा उप करार सम्झौता गरी उत्पादन गर्न पाउने सुविधा कटौती गर्ने व्यवस्थाले उद्योग क्षेत्रको प्रवर्द्धन र विकासमा नकारात्मक असर परेको छ । नेपालमा स्थापना भएका अधिकाँश वहुराष्ट्रिय कम्पनीले विगतमा करार उत्पादनको असल अभ्यास कार्यान्वयन गरेको भएता पनि परिमार्जित ऐनमा रहेको अस्पष्ट व्यवस्था र सहायक उत्पादनको लागि मात्र करार सम्झौता गर्न सकिने प्रावधानवाट ठूला र वहुराष्ट्रिय उत्पादनको उत्पादन संकूचित भएको वर्तमान अवस्थामा औद्योगिक व्यवसाय ऐन, २०७६ र विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०७५ को प्रस्तावित संशोधन पश्चात देहायको उपलव्धी हाँसिल हुने अपेक्षा गर्न सकिन्छ ।

- करार उत्पादनको दायरा फराकिलो भइ सहायक उत्पादन संगै मूख्य उत्पादन पनि तेस्रो पक्षवाट उत्पादन हुने,
- ठूला एवम् वहुराष्ट्रिय कम्पनीको स्थापित व्राण्डका सामाग्रीको माग अनुरुप आपूर्ति व्यवस्था सहज हुने,
- उद्योगको प्रतिष्पर्धात्मक क्षमता अभिवृद्धि हुने,
- ठूला र वहुराष्ट्रिय कम्पनीको उत्पादन प्रणाली र प्रविधिको विस्तार स्थानीयस्तरमा हुने,

- उपभोक्ताले प्रतिष्पर्धी मूल्यमा वस्तु वा सेवाको प्रयोग सुनिश्चित हुने,
- औद्योगिक वातावरण निर्माणमा सकारात्मक प्रभाव पर्ने,
- निकासीयोग्य वस्तुको उत्पादन सहज भइ निकासी परिमाण वढ्ने,
- स्टार्ट अप व्यवसायको प्रवर्द्धन र विकासको आधार तयार हुने।

## ११. निष्कर्श:

नेपालमा उद्योग क्षेत्रको विकासका लागि अनुकूल वातावरण सहित अन्तर्राष्ट्रिय असल अभ्यासको अवलम्वन आवश्यक देखिन्छ। ठूला प्रकृतिका उद्योगको उत्पादन र उत्पादन प्रविधिको विस्तारसंगै देशमा साना तथा मझौला उद्योगको स्थापना र सञ्चालन गर्न र औद्योगिक उद्यमशिलता प्रवर्द्धन गर्न करार वा उप करार उत्पादन विधिको अवलम्वन अनिवार्य हुन्छ। विश्वका अधिकाँश मूलुकमा प्रयोगमा रहेको प्रस्तुत अवधारणाको उपयोगवाट औद्योगिकरणले सार्थकता पाएको देखिन्छ। औद्योगिक विकासको पूर्व शर्तको रुपमा स्थापित प्रस्तुत मान्यतालाइ नेपालमा स्थापित गर्न र राष्ट्रिय अर्थतन्त्रमा उद्योग क्षेत्रको योगदान अभिवृद्धि गर्न करार वा उप करार उत्पादनको सम्वन्धमा स्पष्टता कायम गर्दै औद्योगिक उत्पादनको सहज वातावरण सृजना मौजुदा औद्योगिक व्यवसाय ऐन, २०७६ तथा विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०७५ मा रहेको करार गरी उत्पादन गर्न सकिने व्यवस्थामा संशोधन तथा परिमार्जन गर्नु आवश्यक देखिन्छ।

## करार उत्पादन सम्वन्धी व्यवस्थाको सम्वन्धमा मौजुदा कानूनमा भएको व्यवस्था संशोधनका लागि प्रस्तावित तीन महले

### क. औद्योगिक व्यवसाय ऐन, २०७६ मा संशोधन

| क्र.सं. | मौजुदा ऐनको खण्ड/ दफा तथा उपदफा | साविकको व्यवस्था | संशोधित व्यवस्था | संशोधन गर्नु पर्नाको औचित्य र कारण |
|---|---|---|---|---|
| १. | औद्योगिक व्यवसाय ऐन) २०७६ को दफा ५० को उपदफा (१) | प्रचलित कानून वमोजिम दर्ता भइ सञ्चालनमा रहेका कुनै उद्योगले त्यस्तो उद्योगको उत्पादनको मूख्य उत्पादन वाहेक आफ्नो उत्पादनको कुनै भाग वा उद्योगलाइ आवश्यक पर्ने सहायक वस्तु वा सेवा अन्य उद्योगसंग करार (कन्ट्रयाक्ट) वा उपकरार (सव कन्ट्रयाक्ट) गरी उत्पादन गर्न सक्नेछ। | प्रचलित कानून वमोजिम दर्ता भइ सञ्चालित समान उद्देश्य भएका उद्योग) फर्म) कम्पनी वा प्रतिष्ठानले एक आपसमा करार (कन्ट्रयाक्ट) वा उप करार (सव कन्ट्रयाक्ट) गरी वस्तु वा सेवाको उत्पादन गर्न सक्नेछन्। | स्वदेशमा स्थापना भएका समान उद्देश्यका कुनै उद्योग) फर्म) कम्पनी वा प्रतिष्ठानले एक आपसमा करार गरी मुख्य र सहायक वस्तु वा सेवा उत्पादन गर्न सक्ने व्यवस्थालाइ सहज वनाइ उद्योगको प्रतिष्पर्धात्मक क्षमता अभिवृद्धि) उद्यमशिलता विस्तार एवम् औद्योगिक उत्पादन इकोसिस्टम विकास गर्न जरुरी भएकोले। |

### ख. विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०७५

| क्र.सं. | मौजुदा ऐनको खण्ड/ दफा तथा उपदफा | साविकको व्यवस्था | संशोधित व्यवस्था | संशोधन गर्नु पर्नाको औचित्य र कारण |
|---|---|---|---|---|
| १. | विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन) २०७५ को दफा ४५ को उपदफा (१) | विदेशी लगानी भएका कुनै उद्योगले त्यस्तो उद्योगको उत्पादनको मुख्य उत्पादन वाहेक आफ्नो उत्पादनको कुनै भाग वा उद्योग्लाइ आवश्यक पर्ने सहायक वस्तु वा सेवा अन्य उद्योगसंग करार गरी उत्पादन गर्न सक्नेछ। | पचास करोड रुपैयाँ वा सो भन्दा वढी विदेशी लगानी भएका उद्योगले एक आपसमा करार (कन्ट्रयाक्ट) वा उप करार (सव कन्ट्रयाक्ट) गरी वस्तु वा सेवाको उत्पादन गर्न सक्नेछन्।<br>तर) यसदफाको प्रयोजनका लागि हाल विदेशी लगानीमा सञ्चालित उद्योगको | हाल विदेशी लगानीमा सञ्चालित उद्योग र भविष्यमा स्थापना हुने उद्योगलाइ आफ्नो उत्पादन प्लाण्टको अतिरिक्त करार उत्पादनका विभिन्न विधि प्रयोग गरी सहायक वस्तुका साथै मुख्य वस्तु लगायतका सवै प्रकारका वस्तु र सेवा उत्पादन गरी व्यवसाय विस्तार गर्न) उत्पादन लागत न्यूनीकरण गरी |

| | | | | |
|---|---|---|---|---|
| | | | हकमा उपर्युक्त वमोजिमको लगानीको सीमा लागु हुने छैन्। | प्रतिष्पर्धात्मक क्षमता वढाउन) उद्योगको पृष्ठ अन्तर्सम्वन्ध विकास गर्न र वजारमा शिघ्र वस्तु एवम् सेवाको आपूर्ति सुनिश्चित गर्न करार उत्पादनको क्षेत्र र दायरा वढाउन जरुरी भएकोले। |

**USAID Trade and Competitiveness**
+977 01 4532339, 4532330, 4532331
info@tc-udhyamnepal.com
736/68, Narayan Gopal Road, Lazimpat-2,
Kathmandu, Nepal